पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ११ गते सोमबार ❑ 24 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## विकासको गतिमा देश अगाडि बढेको छ : प्रधानमन्त्री

रासस
काठमाडौं, १० चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले समय परिवर्तन हुँदै विकासको गतिमा देश अगाडि बढेको बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालले आइतबार यहाँ आयोजना गरेको 'टुगेदर फर टुमरो : युथ एण्ड द प्राइमिनिस्टर' कार्यक्रममा प्रधानमन्त्री ओलीले भन्नुभयो, "समस्या छन्, तिनको कारण छ र समाधान पनि छ भन्दै त्यसतर्फ सरकारले काम अगाडि बढाएको छ ।" उहाँले आफूले नै डिजिटल नेपालको नारा दिएको र त्यसले प्रविधिको क्षेत्रमा ठूलो परिवर्तन ल्याएको बताउनुभयो।"हामीले थुप्रै मेडिकल कलेज बनायौं, प्रत्येक पालिकामा आधारभूत तहका अस्पताल



बनाउने भनेर अगाडि बढायौँ । कतिपय बनिसकेका छन् भने कति तयार हुने क्रममा छन् । त्यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन ल्याउने छ। सरकार शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर अगाडि बढेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हाम्रा छोरीहरुले विशेषज्ञ चिकित्सको सपना देख्नुभएको छ, त्यो बन्ने प्रतिक्षामा हुनुहुन्छ, कतिले अहिले विशेषज्ञ भएर सेवा गरिरहनुभएको छ, यो अहिलेको समयको उपलब्धि हो ।" प्रधानमन्त्री ओलीले उद्यमशीलताबाट मात्रै रोजगारीका अवसर सिर्जना तथा कृषिको आधुनिकीकरणबाट मात्रै उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने भएकाले त्यसमा लाग्न आग्रह गर्नुभयो । "हामी भावनात्मक ढङ्गले चल्नु हुँदैन, अहिले जति पनि समस्या छन्, ती विकासको गतिसँगै आएका हुन् । त्यसलाई व्यवस्थित गरी हामी अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो । कार्यक्रमा चिकित्सा, कानुन, विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बद्ध करिब एक सय ४० युवाको सहभागिता थियो । उनीहरुले आ-आफ्नो क्षेत्रको अवस्था र समस्या राखेका थिए । प्रधानमन्त्री ओलीले आफ्नो क्षेत्रमा केन्द्रित भएर ठोस् रुपमा प्रतिवेदन ल्याउन आग्रह गर्नुभयो । त्यसलाई सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा समेटेर लैजाने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## पर्यटन व्यवसायीबीच 'व्यवसायिक साझेदारी बैठक'

रासस
सिचुवान, १० चैत

पोखरा र चीनको सिचुवान प्रान्तको छोङछिङ नगरका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी बिटुबी (बिजनेस टु बिजनेस) तथा 'सेल्स मिसन' आयोजना गरिएको छ।

यहाँ आयोजित कार्यक्रममा दुवै नगरका पर्यटन व्यवसायीले सिचुवान एयरलायन्सको उडान नियमित भएमा पर्यटकीय साझेदारीलाई थप प्रभावकारी बनाउँदै लैजान सकिने बताएका थिए । छोङछिङका पर्यटन व्यवसायीले पोखरा र छोङछिङको भौगोलिक अवस्थिति मिल्दोजुल्दो भएको बताउँदै यहाँबाट पर्यटकहरू पोखरा लैजाने आफूहरूले हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । यहाँका संस्कृति एवं पर्यटन विकास आयोगका उपमहानिर्देशक वाङ हाओले पोखरासँग पर्यटकीय साझोदारी बढाउन आफूहरू उत्साहित भएको बताउनुभयो । नेपाल र चीनबीचको औपचारिक कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्ष पुगिसकेको उल्लेख गर्दै उहाँले दुई देशबीचका नागरिक नागरिकको सम्बन्धलाई पनि साझेदारीले महत्वपूर्ण सहयोग




पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंले प्रकृति, संस्कृति र साहसिक पर्यटन नै पोखराको विशिष्टता भएको बताउँदै पोखरा भ्रमणका लागि छोङछिङवासीलाई आग्रह गर्नुभयो । उहाँले आफूहरूको तर्फबाट पोखरा–छेन्दुमा उडानलाई सफल बनाउन सम्पूर्ण सहयोग रहने बताउनुभयो। पोखरा भ्रमण वर्षका अवसरमा विभिन्न पर्यटकीय प्याकेजमा विशेष छुटका योजना पनि सार्वजनिक गरिसकिएको प्रमुख प्रशासकीय अधिकृत चौलागाईंले जानकारी गराउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको महत्वपूर्ण गन्तव्य भएको बताउँदै यो चिनियाँ पर्यटकको रोजाइमा परिरहेको बताउनुभयो । पोखरामा चिनियाँ पर्यटक लक्षित पूर्वाधारमा कमी नरहेको बताउँदै उहाँले पर्यटकको बढ्दो आगमनसँगै अन्य पूर्वाधार बढ्ने धारणा राख्नुभयो । नेपाल पर्यटन बोर्डको आयोजना एवं पोखरा पर्यटन परिषद् र छिन्दुस्थित महावाणिज्यदूतावाससँगको सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो । पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलो व्यावसायिक चाटर्ड उडानमार्फत यहाँ आएका पोखराका पर्यटन व्यवसायी सिचुवान प्रान्तका छिन्दु, लुभ्काउलगायत सहरमा उच्चस्तरीय भेटघाटसँगै पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमका साथ शनिबार छोङछिङ आइपुगेको हुन् ।

## 'कालीगण्डकी बचाऔँ अभियान'का संयोजक गिरी सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

वातावरण संरक्षणका लागि महाअभियान कास्कीले 'कालीगण्डकी बचाऔँ अभियान'का संयोजक आरके अदीप्त गिरीलाई सम्मान गरेको छ।

नागरिक समाज कास्कीसँगको सहकार्यमा अभियन्ता गिरीलाई पर्वत सदरमुकामस्थित 'शताब्दी घर'मा पुगेर सम्मान अर्पण गरिएको हो । अभियानमार्फत नागरिकमा प्रकृति रक्षाको जागरण फैलाउनाका साथै 'शताब्दी घर' सांस्कृतिक सङ्ग्रहालयमार्फत संस्कृति एवं ऐतिहासिक सम्पदा संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै गिरीलाई 'वातावरण तथा सम्पदा संरक्षण सम्मान' प्रदान गरिएको वातावरण संरक्षण महाअभियानका संयोजक रामबहादुर पौडेलले जानकारी दिनुभयो। गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा, संयोजक पौडेल र नागरिक समाज कास्कीकी सहसंयोजक दुर्गाकुमारी शर्माले संयुक्त रूपमा सम्मान अर्पण गर्नुभएको थियो।

मुख्य न्यायाधिवक्ता शर्माले कालीगण्डकी कुनै पनि बहानामा दोहन हुनु दुःखद् रहेको बताउनुभयो। उहाँले जल र जीवनको सम्बन्ध अनोन्याश्रित हुने भन्दै मान्छेको अधिकारजस्तै कुनै पनि प्राकृतिक सम्पदा जीवित रहन र निर्वाध आफ्नो बाटोमा हिँड्न पाउने अधिकार रहेको बताउनुभयो । नदी दोहनलाई कानुनमार्फत व्यवस्थापन गर्न खोजिएको भन्दै मुख्य न्यायाधिवक्ता शर्माले विकास र वातावरणलाई मिलाएर लैजानुपर्ने बताउनुभयो। सम्मानित व्यक्तित्व गिरीले शालिग्राम पाउने एकमात्र र पाषाणकालीन सभ्यतासँग जोडिएको कालीगण्डकी नदी दोहन रोक्न आग्रह गर्नुभयो । नेपाल जलवायु परिवर्तन, जैविक विविधतामा ह्रास र वायु प्रदूषणको उच्च मारमा पर्दै गएको भन्दै उहाँले नदी संरक्षणमा जोड दिनुभयो।

सम्मानले सामाजिक एवं पर्यावरणीय न्यायका पक्षमा थप सक्रिय भएर लाग्न सम्मानले नयाँ ऊर्जा दिएको अभियन्ता गिरीले बताउनुभयो।

## राजस्व परामर्श समिति र व्यवसायीबीच छलफल

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा राजस्व नीति तर्जुमाका लागि राजस्व परामर्श समितिले पोखराका व्यवसायी तथा सरोकारबालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा व्यवसायीहरूले अर्थतन्त्रलाई चलायमान बनाउने गरी नीतिगत सुधार गर्न आग्रह गरेका छन् । व्यवसायीहरूले राजस्व नीतिलाई लगानी तथा व्यवसायमैत्री बनाउन सुझाव दिए । कार्यक्रमलाई सम्बोधन गर्दै राजस्व परामर्श समितिका संयोजक तथा अर्थ मन्त्रालयका राजस्व सचिव दिनेश कुमार घिमिरेले निजी क्षेत्रको मनोवल उच्च पार्ने र अर्थतन्त्रलाई सुधार गर्ने गरी सरकारका नीति तर्जुमा हुने बताउनु भयो । उहाँले निजि क्षेत्रका सुझावलाई राजस्वको नीतिगत तथा प्रशासनिक सुधारमा सहभागी गराउन पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

अर्थमन्त्रालयका राजस्व व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव उत्तर कुमार खत्रीले छलफलमा उठेका विषय र सुझावलाई यथोचित सम्बोधन गर्ने बताउनुभयो । उहाँले नीजी क्षेत्रलाई हतोत्साहित नभई आशावादी बन्न समेत आग्रह गर्नुभयो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले सिमा क्षेत्रमा हुने राजस्व चुवावट नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो। क्रसर उद्योगको मापदण्डलाई व्यवस्थित गराउनुपर्ने बताउनु भयो। स्थानीय तहले लिने करका विषयमा समेतमापदण्ड र एकरुपता हुनुपर्ने उहाँको भनाई थियो। कार्यक्रममा उद्योग वाणिज्य महासंघ गण्डकी

बाँकी अन्तिम पृष्ठमा ▶▶



# मन्त्री केसीले दिए संसदमा उठेका प्रश्नको जवाफ

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले संसदमा आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नको जवाफ दिएका छन् ।




गण्डकी प्रदेश सभामा सांसदहरूले शून्य समयमा उठाएका प्रश्नको जवाफ दिने क्रममा आइतबार मन्त्री केसीले समयमा काम नगर्ने निर्माण व्यवसायीलाई नियमअनुसार कारबाहीको प्रक्रिया अघि बढाउने बताए । ठेक्काबमोजिम काम नगर्ने ठेकदारलाई भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा डाकेर काम अगाडी बढाउन निर्देशन दिइएको उनले सुनाए ।

साथै निर्धारित समयभित्र काम सक्न ताकेता गरेका मन्त्री केसीले बताए । निर्माण व्यवसायीलाई निर्माण कार्य अगाडी बढाउन निरन्तर प्रगति मूल्यांकन पेश गर्न पत्राचार गरिएको एवं समयभित्र सडक निर्माण सम्पन्न हुन नसके कानुनबमोजिम पत्राचार गर्ने उनको भनाइ थियो ।

गत आ।व २०८०/८१ को वार्षिक विकास कार्यक्रममा न्यून बजेट विनियोजन भएको कारण वहुवर्षीय योजनामा रकम अपुग भएकोमा सालबसाली योजनाहरुको ठेक्का व्यवस्थापनबाट बचत हुन आएको रकम काम भएका वहुवर्षीय योजनामा रकमान्तरका लागि आर्थिक मामिला मन्त्रालयमा पेश भएको उनले जानकारी दिए । तर हालसम्म रकमान्तर नभएको कारणले निर्माण स्थलबाट निर्माण व्यवसायीले निर्माण कार्य बन्द गरेको अवस्था रहेको मन्त्री केसीले बताए । म्याग्दीका विभिन्न खण्डमा पहिरो गई फाफरखेत सडक अवरुद्ध भएकोमा मर्मत सम्भार शीर्षकमा विनियोजित बजेटबाट सडक खुलाई आवागमनलाई सहज गर्न मन्त्रालय सफल भएको उनले दाबी गरे । मन्त्री केसीले प्रदेशमा भएका सडकलाई सुरक्षित बनाउन सडकको लागत इस्टिमेट गर्दै सुरक्षासम्बन्धी ट्राफिक संकेत चिन्ह एवं आवश्यक स्थानमा क्यार्स व्यारियर जडान गर्ने कामका लागि रकम विनियोजनको व्यवस्था गरिएको मन्त्री केसीले सुनाए । क्षति भएका र मर्मत गर्नुपर्ने सडकलाई स्वीकृत बजेटको परिधिभित्र रहेर क्रमश प्राथमिकताको आधारमा सम्बन्धित पूर्वाधार विकास कार्यालयको सिफारिसमा मर्मत गर्दै आएको उनले जानकारी गराए । केही क्षतिग्रस्त सडकहरुको सम्बन्धमा आफू मन्त्री भएर आउनुभन्दा अघि नै बजेट विनियोजन एवं खर्च भएको मन्त्री केसीले सभालाई सुनाए ।

कामको प्रगतिको आधारमा भुक्तानी गरी निर्माण व्यवसायीलाई निर्माणमा सहजीकरण गर्ने मन्त्री केसीले बताए ।



फेवातालमा पर्यटक : कास्कीको पोखरा महानगरपालिका-६ गौरीघाटस्थित फेवाताल किनारमा लाइफ ज्याकेट लगाएर डुङ्गा शयर गर्न तयारी अवस्था बसेका भारतीय पर्यटक। तस्विर : राधिका कँडेल/रासस

# लेक लागेर एक वर्षमा ११ पर्यटकको मृत्यु

पोखरापत्र संवाददाता
मुस्ताङ, १० चैत

हिमाली जिल्ला मुस्ताङमा लेक लागेर एक वर्षको अवधिमा ११ पर्यटकको मृत्यु भएको छ । विसं २०८१ को वैशाखदेखि हालसम्म नौ विदेशी तथा दुई नेपाली पर्यटकको लेक लागेर मृत्यु भएको हो ।

सबैभन्दा बढी भारतीय पर्यटकको मुक्तिनाथ मन्दिरको दर्शन तथा मुस्ताङको भ्रमणका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिनुभयो । मुक्तिनाथ दर्शन तथा भमणका क्रममा मुस्ताङ आउनेमध्ये पाँच जनाको वारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथमा, पाँच जनाको घरपझोङ-४ जोमसोममा र एक जनाको थासाङ गाउँपालिका-२ मा लेक लागेर मृत्यु भएको उहाँले बताउनुभयो । लेक लागेर मृत्यु हुनेमा ५८ वर्षदेखि ८१ वर्ष उमेर समूहका पर्यटक रहेका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कानुसार २०८१ वैशाखमा दुई, जेठमा एक, असोजमा दुई, कात्तिकमा पाँच र पुसमा एक पर्यटकको लेक लागेर मृत्यु भएको हो । लेक लागेर मृत्यु हुनेमा ६३ वर्षीय अमेरिकी नागरिकसमेत रहेको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो । विसं २०८० मा १७ जनाले लेक लागेर ज्यान गुमाएका थिए । मृत्यु हुनेमा ११ विदेशी तथा ६ नेपाली नागरिक रहेका प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य कार्यालय, स्थानीय तह, प्रदेश अस्पताललगायत सरोकारवाला निकायले लेक लाग्ने समस्या र यसको समाधान सम्बन्धी चेतनामूलक कार्यक्रम, प्रचारप्रसार र पर्चापम्प्लेट वितरण अभियान सञ्चालन गर्दैआएको छ । प्रदेश स्वास्थ्य कार्यालय, घरपझोङ र थासाङ गाउँपालिकाले पनि लेक लाग्ने समस्यासम्बन्धी वाल पेन्टिङ तथा भित्ते लेखन कार्यक्रम गरी मुस्ताङ भित्रने पर्यटकलाई सचेत गर्दैआएको छ । बेँसीको समथर स्थानबाट उच्च हिमाली क्षेत्रमा हतारहतार विश्राम नगरी यात्रा गर्दा पर्यटकलाई लेक लाग्ने समस्या हुन्छ । विशेषतः समुद्री सतहबाट तीन हजार आठ सय मिटरको उचाइदेखि लेक लाग्न थाल्छ । ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त र दीर्घरोगका औषधि सेवन गर्ने पर्यटकलाई लेक लाग्ने गरेको पाइएको जिल्ला ट्राफिक कार्यालयका इन्चार्ज भुवन क्षेत्रीले जानकारी दिनुभयो ।

# पोखरामा बैज्ञानिक सम्मेलन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

पोखरा विश्वविद्यालयको आयोजना र गण्डकी प्रदेश बिज्ञान तथा प्रविधि प्रतिष्ठान (जिपास्ट) को सह आयोजनामा पोखरामा वैग्यानिक सम्मेलन सम्पन्न भएको छ ।




यहि चैत्र ६ गते शुरु भै ८ गते सम्पन्न सम्मेलनमा अमेरिका, अस्ट्रेलिया, भारत, बङलादेश, सर्बिया लगायतका देशबाट समेत बैज्ञानिकहरुको उपस्थिति रहेको थियो । गन्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराम भट्टबाट उद्घाटन भएको समारोहमा करीब ६० जना बैज्ञानिकहरुले कार्यपत्र प्रस्तुत गरेका थिए।सो सम्मेलनमा युवा बैज्ञानिकहरुको समेत उल्लेख्य सहभागिता रहेको थियो । युवा बैज्ञानिकहरुले पोस्टर प्रस्तुति र कार्यपत्र समेत पेश गरेका थिए ।

अस्ट्रेलियाको अस्ट्रेलियन नेसनल युनिभर्सिटीका प्रख्यात बैज्ञानिक बेरि पगसनले जैविक प्रविधी सम्बन्धमा कार्यपत्र पेश गर्नुका साथै किनोट स्पिच समेत दिएका थिए । उनी मोलिक्युलर बायोलोजिका विश्वप्रसिद्ध बैज्ञानिक हुन ।

त्यस्तै वरिष्ठ बैज्ञानिक डा मन्दिरा श्रेष्ठ, बैज्ञानिक डा टिस्टा प्रसाईं, प्राध्यापक खडानन्द आचार्य लगायतले बैज्ञानिक प्रस्तुति दिएका थिए। पोखरा विश्वविद्यालयका रिडर डा कोमल मल्लले कार्यक्रममा मुसाको एक प्रजातिमा गरेको प्रयोगको नतिजाको प्रस्तुति दिनुभएको थियो ।

पोखरा विश्वविद्यालयले आयोजना गरेको कार्यक्रमले बैज्ञानिक खोज, अनुसन्धानको क्षेत्रमा उदाहरणिय काम गरेको कार्यक्रममा उपस्थिति बैज्ञानिकहरुले बताए ।

# नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन- सभापति देउवा

रासस
काठमाडौं, १० चैत

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा राजतन्त्र फर्किने सम्भावना नरहेको बताउनुभएको छ ।

कांग्रेस बागमती प्रदेश समितिको प्रशिक्षण विभागद्वारा आज यहाँ आयोजित कार्यक्रममा केही दिनयता राजावादी पक्षधर हरूको गतिविधिप्रति इङ्गीत गर्दै सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्र शाह संवैधानिक राजा हुन नसक्ने धारणा व्यक्त गर्नुभयो ।

कांग्रेस प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुका लागि आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटनका अवसरमा उहाँले भन्नुभयो, “नेपालमा राजतन्त्र फर्किने सम्भावना छैन, ज्ञानेन्द्र संवैधानिक राजा बन्न लायक व्यक्ति पनि होइनन्, बरु राष्ट्रिय प्रजातन्त्र पार्टीले ज्ञानेन्द्रलाई पार्टी सभापति बनाए हुन्छ ।” सभापति देउवाले पूर्वराजा ज्ञानेन्द्रलाई राजनीति नै गर्नेभए पार्टी खोल्न सुझाव दिनुभयो । “राजनीति गर्ने भए पार्टी खोल्दा भइहाल्यो नि ! तर त्यो पार्टीमा जानेहरूले धेरै नै दुःख पाउँछन्”, सभापतिले भन्नुभयो । उहाँले गणतन्त्रका पक्षमा एकजुट भएर लाग्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो ।

कांग्रेस बागमती प्रदेश उपसभापति एवं प्रदेश प्रशिक्षण विभाग प्रमुख चन्द्र महर्जनको सभापतित्वमा भएको प्रशिक्षण कार्यक्रममा प्रवक्ता डा प्रकाशशरण महत, प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका निर्देशक डा कृष्णप्रसाद पौडेल, बागमती प्रदेशका कोषाध्यक्ष डा भद्रा पराजुली भण्डारी, केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण विभागका कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठलगायतको उपस्थिति थियो ।

# आइपिएल क्रिकेट: पहिलो खेलमा हैदरावादको जित

रासस
काठमाडौं, १० चैत

इन्डियन प्रिमियर लिग (आइपिएल) अन्तर्गत आइतबार भएको पहिलो खेलमा सनराइजर्स हैदरावादले जित निकालेको छ ।

भारतको राजिव गान्धी अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न खेलमा हैदरावादले राजस्थान रोयल्सलाई ४४ रनले पराजित गर्दै विजयी भएको हो । जितसँगै हैदरावादले दुई अङ्क जोडेको छ । हैदरावादले दिएको दुई सय ८७ रनको लक्ष्य पछ्याएको राजस्थानले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै दुई सय ४२ रनमा समेटियो ।

राजस्थानका लागि ध्रुव जुरेलले ३५ बलमा छ चौका र पाँच छक्काको मद्दतले सर्वाधिक ७० रनको योगदान गरे ।

यसैगरी सन्जु सामसनले ३७ बलमा सात चौका र चार छक्कासहित ६६ रन जोडे भने सिम्रन हेटमायरले ४२, शुभम दुबेले अविजित ३४ तथा नितेश राणाले ११ रन बनाए । हैदरावादका लागि हर्षल पटेल र सिमरजित सिंहले समान दुई दुई विकेट लिए भने मोहम्मद शामी र एडम जाम्पाले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हैदरावादले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै दुई सय ८६ रनको योगफल बनाएको थियो । हैदरावादका लागि इशान किसनले ४७ बलमा ११ चौका र छ छक्काको मद्दतले अविजित एक सय छ रनको योगदान दिए । यसैगरी ट्रभिस हेडले ३१ बलमा नौ चौका र तीन छक्कासहित ६७ रन बनाए ।

हेनरिक क्लासनले ३४, नितिशकुमार रेड्डीले ३० र अभिषेक शर्माले २४ रन बनाए । राजस्थानका लागि तुषार देशपाण्डेले तीन विकेट लिए भने महेश तिक्क्षणाले दुई तथा सन्दीप शर्माले एक विकेट लिए ।

**विकास र वातावरण बीच सन्तुलन कायम राखौं । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मान गरौं।**

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ मा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था रहेको छ । वातावरणीय अध्ययन नगरी गरेका विकासका पूर्वाधारका कारण बस्ती जोखिममा परेको, मानिसको घरबास उठीबास भएको, बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, मानव तथा बन्यजन्तुको जीवनयापनमा असर गरेको र जीवन नै चौपटमा परेको छ । तसर्थ, वातावरणीय अध्ययन सम्पन्न पश्चात मात्र विकास आयोजना कार्यान्वयन गर्नु गराउनु हुन सबैमा अनुरोध छ । तसर्थ सबै निकायहरुले वातावरणीय अध्ययन गरेर गराएर मात्र विकास आयोजना वा कार्यक्रमको विस्तृत तथा लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, ठेक्का लगाउने र कार्यादेश दिने जस्ता कार्य गर्नु, गराउनुहुन सम्बन्धित सबै निकायहरुमा मन्त्रालय हार्दिक अपिल गर्दछ ।

**अनुरोधक**
**गण्डकी प्रदेश सरकार**

# एक-अर्काको ...

प्रदेश, चेम्बर अफ कमर्श गण्डकी प्रदेश, उद्योग वाणिज्य संघ कास्की, लेखनाथ उद्योग वाणिज्य संघ,नेपाल अडिटर्श एशोसिएसन कास्की, नेपाल चार्टर्ड एकाउन्टेन्स संघ कास्की, गण्डकी उद्योग परिसंघ, पर्यटन व्यवसायीहरूले सुझावहरू दिएका थिए ।

बजारलाई उत्पादनमुखी बनाएर अर्थतन्त्रलाई चलायमान बनाउन पहल गर्नुपर्ने,करको दर भन्दा पनि दायरा बढाउनु पर्ने लगाएतका सुझावहरू आएका थिए । व्यवसायीहरूलेभन्सार मूल्यांकन प्रणालीमा सुधार गरी अवैध चोरी निकासीलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिएका थिए ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
- वी. पी. कोइराला

## सम्पादकीय

# सुरक्षित तथा स्वच्छ पानीको महत्व

जलवायु परिवर्तनका कारण हिमरेखा माथितिर सर्दै गएको, बढ्दो तापक्रमको प्रभाव स्वरुप हिमनदीको अस्तित्व नै सङ्कटमा पर्दै गएको अवस्थालाई ख्याल गरेर यसपटक विश्व पानी दिवसको नारा नै 'हिमनदीको संरक्षण' राखिएको छ । सरकार र यस क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्था एवं सरोकारवालाको आयोजनामा साताव्यापी नै पानी दिवस मनाउने गरिएको छ । सन् १९९३ यता हरेक वर्ष २२ मार्चमा मनाइने यो दिवस सुरक्षित तथा स्वच्छ पानीको महत्वमा केन्द्रित संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी पहल हो ।

देशको कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिनमध्ये २२ लाख ६५ हजार हेक्टर सिँचाइयोग्य रहेकामा हालसम्म झण्डै १५ लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । सिँचाइ सुविधा पुगेकामध्ये एकतिहाइमा मात्र वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । सरकारले केही ठूला राष्ट्रिय गौरवका आयोजनामार्फत पर्याप्त मात्रामा सिँचाइ सुविधा उपलब्ध गराउने योजनाको साथ प्रक्रिया अगाडि बढाएको छ । त्यसमध्ये दुईवटा त नदी पथान्तरणका योजना नै कार्यान्वयनका चरणमा छन् । भेरी बबई डाइभर्सन आयोजना र सुनकोशी मरिण डाइभर्सन आयोजनाले मुलुकको सिँचाइ प्रणालीको विकासका महत्वपूर्ण योगदान गर्ने छ । यस्तै, बबई, रानीजमरा कुलरिया, सिक्टाजस्ता सिँचाइका आयोजनाले कृषि उपज उत्पादनमा रणनीतिक परिवर्तन ल्याउने विश्वास लिइएको छ ।

नेपालमा रहेका नदीनालामा वार्षिक रूपमा दुई सय २५ अर्ब घनमिटर पानी उपलब्ध हुने गरेको भए पनि त्यसको बहुउपयोग हुन नसक्दा त्यत्तिकै खेर जाने गरेको छ । एक अध्ययनअनुसार सरदर १२ अर्ब घनमिटर पानी भूमिगत जलस्रोतको रूपमा पुनःभरण हुने गरेको छ । नेपालमा व्यवस्थित खानेपानी प्रणालीको १९५१ सालमा वीरधाराबाट सुरु भएको हो । हालसम्म झण्डै ९५ प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुगेको छ । यो आफैँमा महत्वपूर्ण उपलब्धि हो । नेपाल अपार जलस्रोतको भण्डार तथा ठूलो सम्भावना भएको मुलुक भए पनि जलस्रोतको वैज्ञानिक एवं व्यवस्थित उपयोग तथा व्यवस्थापन हुनसकेको छैन । सोही कारणले गर्दा अपेक्षित लाभ हासिल हुनसकेको छैन । बढ्दो जनसङ्ख्या, अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तन, बदलिँदो जीवनशैलीका कारण दिनप्रतिदिन पानी सङ्कट गहिरिँदै गएको छ । हिमक्षेत्रको सङ्कुचन, हिमतालको विष्फोटन, अतिवृष्टि र अनावृष्टिजस्ता कारणले वातावरणीय सन्तुलन एवं व्यक्तिको जीवनयापन थप कष्टकर बन्दै गएको छ । नदीनाला र तालतलैयामा उपलब्ध हुने पानीको परिमाण र गुणस्तरमा ह्रास आएको छ । भूमिगत जलस्रोतको अत्यधिक दोहनका कारण जलसतह घट्दै गएको छभने गुणस्तरमा पनि समस्या देखिएको छ ।

सुरक्षित र स्वच्छ पानी व्यवस्थापनका लागि आवश्यक रणनीतिसहितको कदम चाल्न र यसबारे जनचेतना अभिवृद्धि गर्न यो दिवसले सहयोग गर्दै आएको छ । संसारभर कुल ९७ दशमलव पाँच प्रतिशत पानी समुद्रको छ । त्यो पानी नुनिलो भएकाले पिउन, सिँचाइ र विद्युत् उत्पादनका लागि समेत प्रयोग गर्न मिल्दैन र सकिँदैन । पानीको उचित सदुपयोग हुन नसक्दा संसारभर नै समस्या बढ्दै गएको छ । अन्तरराष्ट्रिय पानी व्यवस्थापन संस्थाका अनुसार प्रत्येक वर्ष एक जनाका लागि नौ हजार घनमिटर पानीको आवश्यकता पर्छ । संसारभर उपलब्ध भएको पानीमध्ये दुई दशमलव पाँच प्रतिशतमात्र पिउनयोग्य पानीको रूपमा उपलब्ध छ । मूल, खोला, नदी, हिमनदीबाट उपलब्ध हुने पानी नै मानवीय प्रयोगका लागि उपयुक्त रहेको छ । पृथ्वीको उत्तरी तथा दक्षिणी ध्रुवमा उपलब्ध हुने पानी नै मानवीय उपभोगका लागि योग्य मानिएको छ । नेपालको हकमा प्रतिव्यक्ति कुल जलस्रोत उपभोग क्षमता तीन हजार छ सय घनमिटर पर्न आउँछ तर हाम्रो देशमा हालसम्मको उपभोग दर भने प्रतिव्यक्ति तीन सय ९३ दशमलव पाँच घनमिटर मात्र छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्यटकीयस्थल टोड्के जोड्ने सडक धमाधम स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० चैत

मङ्गला गाउँपालिका-२ सिमबाट कोत्रवाङ-खुम्ल्याह-पैयुपाटा-कुहुँ-पूर्णगाउँ हुँदै पर्यटकीयस्थल टोड्के पुग्ने १० किलोमिटर सडकको १४ वर्षपछि स्तरोन्नति सुरु भएको छ ।

सङ्घीय सरकार र मङ्गला गाउँपालिकाको रु चार करोड लागत साझेदारीमा यस वर्ष सडकको प्रवेश बिन्दुमा पर्ने सिम र खुम्ल्याह क्षेत्रमा फराकिलो पार्ने, पानीको निकासका निम्ति नाली, ग्याबियन पर्खाल बनाउने र ढलानको काम प्रारम्भ भएको हो । विनियोजन भएको यो आयोजना मङ्गला गाउँपालिकाको यो वर्षको सबैभन्दा ठूलो हो । मङ्गला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल शर्माका अनुसार आगामी असार भित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ सिमचोकबाट सडक फराकिलो बनाउने, ग्याबियन पर्खाल लगाएर स्तरोन्नति थालिएको छ । सिमचोक, पातल, कुहुँ र पूर्णगाउँ क्षेत्रमा ग्याबियन जाली भर्ने र पर्खाल निर्माण धमाधम भइरहेको छ ।

# हिमपात र वर्षाले किसानलाई राहत

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० चैत

जिल्लाका हिमपात र हिउँदे वर्षा भएको छ । लामो समयपछि भएको वर्षाले किसानलाई राहत मिलेको छ । वर्षा नहुँदा हिउँदे गहुँ, जौं, आलुलगायत खाद्यबाली र सागसब्जीखेतीसँगै फलफूलखेती प्रभावित बनेको थियो ।

हिउँदमा वर्षा नभएर बाली नै सुक्ने अवस्थामा पुगेको थियो । वर्षाले खेतबारीमा लगाएको मकै, सिमीलगायत खेतीबाली र फलफूल बगैँचामा सिँचाइ भएको रघुगङ्गा गाउँपालिका-३ का नरबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार लामो समयपछि शनिबार दिउँसो जमिन भिज्ने गरी भएको वर्षाले किसानलाई राहत मिलेको छ । यस वर्ष म्याग्दीको उच्च पहाडी क्षेत्रमा दोस्रोपटक हिमपात भएको छ । जिल्लाको गुर्जा, कुइनेमङ्गले, मल्कबाङलगायत उच्च पहाडी क्षेत्रमा साँझपखदेखि हिमपात हुन थालेको छ । हिउँदयाम सुक्खा हुँदा खेतीबालीसँगै घाँसपात सुकेको अवस्थामा वर्षासँगै भएको हिमपातले राहत मिलेको धवलागिरि गाउँपालिका-५ मल्कबाङका हिमबहादुर छन्त्यालले बताउनुभयो । जिल्लाको पुनहिल, घोडेपानी, खोप्रालेक, खयरलेक, मोहरेडाँडालागायत पर्यटकीयस्थलमा हिमपात भएको छ । हिउँमा रमाउन उक्त क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढेको पर्यटन व्यवसायीले बताएका छन् ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३ स्थित सिग्देल टोल सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सिग्देल टोल सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, सिग्देल मार्ग
योजना सम्झौता मितिः २०८१/०९/२२ गते
योजना शुरु मितिः २०८१/०९/२३ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/३० गते
योजनाको कुल लागतः रु.११,७६,४७१।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
उपभोक्ता समितिबाटः रु.१,७६,४७१।-
कुल खर्चः रु. ११,७६,४७१।-
उपभोक्ता समिति अध्यक्षः गोविन्द प्रसाद सिग्देल
उपाध्यक्षः कुशल सिग्देल, सचिवः मुकुन्द प्रसाद सिग्देल
कोषाध्यक्षः पार्वती गुरुङ, सहसचिवः कमला पंगेनी
सदस्यः देबिलाल राना, बिले तामाङ, हरि प्रसाद गुरुङ, बद्रि प्रसाद सिग्देल, सरस्वती रानाभाट

**सिग्देल टोल सडक स्तरोन्नती निर्माण उपभोक्ता समिति**
**पोखरा-१३, सिग्देल मार्ग**

**आमाघर पाठशाला**

पोखरा-२२, पुम्दी भुम्दी, कास्की

**मसलन्द तथा खेलकुद सामग्री खरिद गर्ने सम्बन्धी सूचना**

*सूचना प्रकाशित मितिः २०८१/१२/११ गते*

यस आमाघर पाठशालाका लागि शैक्षिक सत्र २०८२ मा आवश्यक पर्ने स्टेशनरी, मसलन्द तथा खेलकुद सामग्री सप्लायर्स छनोट गर्नुपर्ने भएकाले इच्छुक भ्याट र प्यानमा दर्ता भएका स्टेशनरी सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र विद्यालयमा सम्पर्क गरी विद्यालयको मापदण्ड भित्रका सामग्रीहरुको न्युनतम मूल्य सुचि बुझाउनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क स्थानः आमाघर पाठशाला**
**समयः बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**
**सम्पर्क नम्बरः ९८४६५०४५०**

# विद्यार्थीलाई वित्तिय शिक्षा सिकाउदै गरिमा बैंक

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० चैत




स्याङ्जाका शैक्षिक संस्थाहरुमा गरिमा विकास बैंकले विद्यार्थीहरुलाई वित्तिय शिक्षा प्रदान गरेको छ । बैंकको सामाजिक उत्तरदायित्व बहन गर्ने उदेश्यले जिल्लाका विभिन्न शैक्षिक संस्थाहरुका विद्यार्थीहरुलाई वित्तिय साक्षरता प्रदान गरेको हो ।

जिल्लाका ९ ओटा शाखाले पायक पर्ने शैक्षिक संस्थाहरुमा बैंकले ग्लोबल मनि विईकको अवसर पारेर बैकिङ् शिक्षा प्रदान गरेको बैंकले जनाएको छ । कक्षा ८ देखी कक्षा १२ सम्मका विद्यार्थीहरुलाई बैकिङ् बिषयका बारेमा जानकारी दिने उदेश्यले यो अभियान चलाउदै आएको गरिमा विकास बैंक क्षेत्रिय कार्यालय वालिङका प्रमुख लेखनाथ भट्टराईले बताए ।

पछिल्लो समय प्रविधि मार्फत बैकिङ् कारोवार गर्ने बढ्न थालेका छन् भट्टराईले भने,' डिजिटल प्रविधिबाट ठगिनेक्रम पनि बढ्न थालेपछि वित्तिय साक्षरताले घटाउने छ ।' वित्तिय साक्षरताले डिजिटल प्रविधिका फाइदा र बेफाइदाका बिषयमा विद्यार्थीलाई सिकाउने गर्छौं उनले भने । विद्यार्थीहरुलाई आर्थिक अनुसाशन, शेयर मार्केट, डिमेट खाताका बारेमा समेत जानकारी दिइने गरेको प्रमुख भट्टराईले बताए । स्याङ्जा जिल्लाबाट स्थापना भएर राष्ट्रिय स्तरको विकास बैंक हुन पुगेको गरिमाले वित्तिय साक्षरता सगै अन्य सामाजिक उत्तरदायित्वमा समेत महत्वपुर्ण भुमिका खेल्दै आएको छ ।

यो आर्थिक बर्षमा स्याङ्जामा विभिन्न शैक्षिक संस्थाहरुका ४ सय भन्दा बढी विद्यार्थी वित्तिय सचेतना कार्यक्रममा सहभागी भएको गरिमा विकास बैंक शाखा वालिङका प्रमुख प्रेमनारायण अर्यालले जानकारी दिए। अवका युवा युवती वित्तिय सुचकका बारेमा जान्न आवश्यक छ अर्यालले भने,'जसले डिजिटल प्रविधिमा खेल्न र सिक्न मद्धत पुग्ने छ ।' आर्थिक गतिविधिमा विद्यार्थीकाल बाटै कारोवार गर्न सहज हुने देखिन्छ उनले भने । वित्तिय गतिविधि थाहा नपाउदा धेरै युवायुवतीहरु ठगिने, आर्थिक कारोवारमा अनुशासन नहुने जस्ता घट्नाहरु बढेका छन् । बैंकहरुले दिएको वित्तिय शिक्षाले यस्ता बिबषयहरुलाई न्युनिकरण गर्न सहज हुने विश्वास अर्यालको छ ।

बैंकले दिदै आएको वित्तिय शिक्षा क्लासमा विद्यार्थीहरुले निकै चासोका साथ सुन्ने र सिक्न खोजेको वित्तिय संस्थाहरुले जनाएका छन् । यो अभियानले वित्तिय शिक्षाको महत्ववारे जागरण ल्याउने र वित्तिय सचेतना अभिबृद्धिमा सहयोग पुग्ने गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधव आचार्य बताउछन् ।

स्याङ्जा जिल्ला मात्रै नभएर गरिमा विकास बैंकको शाखा पुगेको प्रत्येक जिल्लामा यो अभियान जारी रहेको आचार्यको भनाई छ । अवका सबै युवायुवतीलाई बैकिङ् प्रणालीमा जोडिएर कारोवार गर्दा आर्थिक अनुशासित हुन्छ भन्ने सन्देश दिन पनि बैंकले हरेक विद्यालयमा वित्तिय साक्षरता कार्यक्रम संचालन गरेको उनले बताए ।

# एसइई परीक्षामा अमर्यादित काम गरेको भन्दै केन्द्राध्यक्षसहित सबै निरीक्षक हटाइयो

**रासस**
पर्सा, १० चैत

जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसइई) मा अमर्यादित कार्य गर्ने स्थानीय एक विद्यालयका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्षसहित केन्द्रमा खटिएका सबै निरीक्षकलाई जिम्मेवारीबाट हटाइएको छ ।

प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालको अध्यक्षतामा आज बसेको जिल्ला परीक्षा समन्वय समितिको बैठकले महानगरस्थित सुरजीदेवी माध्यमिक विद्यालयको केन्द्रमा अनियमितता, लापरबाही तथा उच्छृङ्खल क्रियाकलाप देखिएकाले केन्द्राध्यक्ष नन्दकिशोर राम, सहायक केन्द्राध्यक्षद्वय सविता चौधरी र चन्द्रशेखर झासहित केन्द्रमा खटिएका सबै निरीक्षकलाई जिम्मेवारीबाट मुक्त गर्ने निर्णय गरेको हो ।

प्रजिअ अर्यालले वैकल्पिक सूचीमा रहेका नेपाल राष्ट्रिय माध्यमिक विद्यालय श्रीपुरका ब्रजमोहनप्रसाद कानुलाई उक्त परीक्षा केन्द्रमा केन्द्राध्यक्षको जिम्मेवारी तोकिएको जानकारी दिनुभयो । सोही परीक्षा केन्द्रका परीक्षार्थी 'सिम्बल नम्बर' ०३७०२४५६ 'डि' लाई यस वर्षको परीक्षाबाट निष्काशन गर्ने निर्णय पनि गरिएको छ । वीरगञ्ज महानगरकै नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालय श्रीपुरका केन्द्राध्यक्षलाई संदेहास्पद गतिविधि गरी उक्त केन्द्रको समग्र अनुशासनको पक्ष फितलो बनाएको भन्दै थप सावधानी, सतर्कता र अनुशासित भएर परीक्षा सञ्चालन गर्न सचेत गराइएको छ ।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङको कागबेनी स्नानस्थल जोखिमपूर्ण

**रासस**
म्याग्दी, १० चैत

दिवङ्गत पितृकार्यका लागि प्रसिद्ध मानिएको पवित्र धार्मिकस्थल मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-४ स्थित कागबेनीको स्नानस्थलमा दुर्घटनाको जोखिम बढेको छ। तीर्थालुका लागि बनाइएको स्नानस्थल जोखिमपूर्ण हुँदा यहाँ श्राद्ध गर्न आउने भक्तजनमा सम्भावित दुर्घटनाको डर बढेको हो।

कागबेनी श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनका लागि कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समिति र यहाँका स्थानीयले सीमित स्रोतसाधनमा श्राद्ध गर्न आउने तीर्थालुलाई सहज व्यवस्थापन गर्ने प्रयास गरेपनि त्यो पर्याप्त हुन सकिरहेको छैन । श्राद्धस्थल साँघुरो हुँदा श्राद्ध गर्न, पूजापाठ तथा स्नान गर्न समस्या र चुनौती हुने गरेको भक्तजन बताउँछन् । विसं २०८० साउन २८ गते कागखोलामा आएको बाढीले यसअघि रहेको भौतिक संरचनामा क्षति पुऱ्याएको थियो। उक्त बाढीले स्थानीयको घर, बैंक तथा वित्तीय संस्था, कागबेनी श्राद्धस्थललगायत खेतीयोग्य जग्गामा करोडौँको भौतिक क्षति पुऱ्याएको थियो । जिल्लाका स्थानीय, सरोकार भएका निकाय र कागबेनी मन्दिर तथा श्राद्धस्थल व्यवस्थापन समितिको पहलमा अर्थ सङ्कलन गरी कागखोला धारलाई नियन्त्रणको प्रयास गरिएको समितिकी अध्यक्ष लक्ष्मी गुरुङले बताउनुभयो । उहाँका अनुसार कागखोलाको धारलाई नियन्त्रणमा राखिए पनि श्राद्धस्थलको भौतिक संरचना दिगो रूपमा व्यवस्थापन हुन सकिरहेको छैन । यसैबीच, शनिबार यहाँ श्राद्ध गर्न आउनुभएकी म्याग्दीको बेनी नगरपालिका-९ का ५३ वर्षीया सीता शर्मालाई कालीगण्डकी नदीले बगाएको छ । कागखोला र कालीगण्डकी नदीको दोभानमा स्नान गरिरहेको बेला उहाँ अचानक चिप्लिँदा करिब ६० मिटर तलसम्म खोलाले बगाएको थियो। चिप्लिएर खोलाले बगाएपछि उहाँको उद्धारका लागि गएका अर्का एकजनालाई पनि कालीगण्डकी नदीले केही तलसम्म बगाएपछि नेपाली सेनाले सकुशल उद्धार गरेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीले कागबेनीमा स्नान गर्दागर्दै खोलाले बगाएपछि शर्माको सकुशल उद्धार गरिएको जानकारी दिनुभयो । यहाँको श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकारले चाँसो नदिँदा समस्या भइरहेको समितिकी अध्यक्ष गुरुङले दुःखेसो गर्नुभयो।

कागबेनीमा बाढीले क्षति पुऱ्याएको क्षेत्रको मर्मत तथा पुनः निर्माण गरी संरक्षण र प्रभावकारी व्यवस्थापनमा तीनै तहका सरकारले समन्वय र सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "अहिलेसम्म समिति र स्थानीयवासीको सहयोगमा स्थानीयस्तरबाट अस्थायी व्यवस्थापन र संरक्षण गर्दै आइरहेका छौँ, हामीसँग सीमित स्रोतसाधन भएकाले दीर्घकालीन संरक्षण र व्यवस्थापन सम्भव छैन", अध्यक्ष गुरुङले भन्नुभयो, "कागबेनी श्राद्धस्थलको संरक्षण तथा व्यवस्थापनमा सरकारले दीर्घकालीन समाधानसहित योजना अघि बढाउनु पर्दछ। यहाँ लाखौँ भक्तजन आउने भएकाले यस क्षेत्रलाई जोखिममुक्त गराउनु जरुरी छ।" अध्यक्ष गुरुङले समितिले भक्तजनबाट प्राप्त दान र सहयोग रकमबाट अस्थायी रूपमा श्राद्धस्थल र स्नानस्थल निर्माण गरेको बताउनुभयो। श्राद्धस्थललाई दीर्घकालीन रूपमा भरपर्दो बनाएर थप व्यवस्थापन गर्न कालीगण्डकी नदी र कागखोलालाई बृहत आरसिसी तटबन्धनको आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । बर्सेनि बर्खायाममा कागखोला र कालीगण्डकीले धार परिवर्तन गर्दा यहाँको श्राद्धस्थल र स्नानस्थलको भौतिक संरचनामा क्षति पुगेको समितिले जनाएको छ। यसैबीच, समितिले कागबेनीधाममा श्राद्ध गर्न आउने भक्तजनलाई स्नान र श्राद्ध गर्दा सावधानी अपनाउन आग्रह गर्दै आएको छ। कागबेनीधामलाई केही फराकिलो र सहज तुल्याउन समितिले खडा गरेको एक दर्जनबढी व्यावसायिक अस्थायी टहरालाई केही पर स्थान्तरण गरिसकिएको समितिकी अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाली सेनाले कपडा फेर्नेस्थान र गाउँपालिकाले शौचालय निर्माण गरेको छ।

सरकारले अहिलेसम्म कागबेनीधामको संरक्षण र व्यवस्थापनका लागि बजेट विनियोजन नगरेको अध्यक्ष गुरुङले बताउनुभयो । बर्सेनि बडादसैं र चैतेदसैंको औँसीमा नुहाउन लाखौँ श्रद्धालु भक्तजन कागबेनी आउने गर्छन् । "यस वर्षको चैतेदसैंको औँसी नजिकिँदै गर्दा पनि हालसम्म तीनै तहका सरकारले यस क्षेत्रलाई व्यवस्थापन गर्न नसक्दा जोखिम मोलेर श्राद्ध र स्नान गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो। बारागु मुक्तिक्षेत्र-४ कागबेनीधाममा कागभुसुन्डे ऋषिले तिलिचो तालमा तपस्या गरी कागखोलामा स्नान गरेको भन्ने धार्मिक किंबदन्ती छ। यही कारण देशभरबाट बर्सेनि लाखौँको सङ्ख्यामा श्रद्धालु भक्तजन यहाँ आएर पितृको नाममा श्राद्ध गर्ने, तर्पण दिने र कालीगण्डकी दोभानमा स्नान गर्दा दिवङ्गत पितृ खुसी भई आर्शिवाद दिने धार्मिक विश्वास रहिआएको छ।

# वन पैदावार उपयोग नहुँदा बढ्दै डढेलोको जोखिम

**हरिप्रसाद बाँस्तोला**
गण्डकी, १० चैत/रासस

हिउँदे वर्षाको कमी, बढ्दो तापक्रम र वन पैदावारमा आधारित उद्यम सञ्चालन हुन नसक्दा मुलुकमा वन डढेलोको जोखिम बढ्दै गएको छ। वन क्षेत्रमा रहेका ज्वलनशील पदार्थ उपयोग नहुँदा डढेलोको जोखिम बढेको हो।

वन क्षेत्रको घाँस, दाउरा, काठलगायत वन पैदावार उपयोग नहुनु र चरिचरणको अभावमा जङ्गलमा पातपतिङ्गर तथा झाडी थुप्रिँदै जाँदा वन डढेलोको जोखिम प्रत्येक वर्ष बढ्दै गएको छ । डढेलोले वन्यजन्तु, बोटबिरुवा, वनस्पति, जडीबुटी र काठ दाउरासहित जैविक तथा पर्यावरणीय क्षति बढ्दै गएको छ। सरकारी पक्षको उदासिनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, परम्परागत ज्ञान प्रयोगमा कमी जस्ता कारणले मुलुकमा वन डढेको प्रकोप निरन्तररुपमा बढ्दै गएको हो। वन डढेलोको मुख्य कारण मानवीय लापरबाही नै हो। वन क्षेत्रमा खनिएका सडकका यात्रीले प्रयोग गरेका प्रज्वलनशील पदार्थ, चुरोट बिँडी खाएर फालेका ठुटा, स्थानीय बासिन्दाले निजी जग्गामा पोलिएका सोत्तरका कारण सल्किएको सानो झिल्कोले सिङ्गो वन, जङ्गली जनावर एवं चराचुरुङ्गीको बासस्थान नष्ट हुनुका साथै मानवबस्तीसमेत सखाव भएका घटना घटने गरेका छन्। लामो समय वर्षाको अभावका कारण जोखिमयुक्त सिजन नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो लागेको खबर आउन थालिसकेका छन् । यस वर्ष हिमाल पारिको जिल्ला मनाङमा माघको अन्तिम हप्तामासमेत जङ्गलमा आगो लागेको घटनाले थप चुनौती उत्पन्न भएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्ने सो क्षेत्रमा सल्लाको काठ, पातपतिङ्गरले गर्दा आगो नियन्त्रण गर्न चुनौती भएको थियो । सुक्खायाम र हावाहुरी चल्ने मौसमले गर्दा पनि आगो बढेको हो । डढेलोले वनआलु, लौठसल्ला, जटामसी, पाँचऔँले, गुची च्याउलगायत जडीबुटीजस्ता खाद्यान्न तथा बहुमूल्य जडीबुटी सङ्कटमा पर्दै गएका छन्।

अघिल्लो वर्ष कास्कीको अन्नपूर्ण गाउँपालिकामा एक जनाको आगो नियन्त्रणका क्रममा ज्यान गएको थियो। जङ्गलमा फैलिएको आगोबाट बास जोगाउन खोज्दा ज्येष्ठ नागरिकको श्वास रहेन । कास्कीमा वनमा आगो लगाउने एक जनालाई डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत तीन जनालाई पक्राउ गरी धरौटीमा छोडिएको थियो। प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरका काठ, काठजन्य सामग्री, आल्मोनियम, फलाम र युपिभिसीजस्ता सामानको आयात वृद्धि हुनु र मुलुकको वन पैदावार कुहिएर र सडेर खेर जानुका साथै वन क्षेत्रमा झाडी बढ्दा सुक्खा मौसममा आगलागीको जोखिम बढ्दै गएको छ । वन डढेलोका कारण वातावरणीय र मानव स्वास्थ्यमा जटिल समस्या सिर्जना भएको विगतले देखाएको छ।

मुलुक सङ्घीय संरचनामा गएसँगै गठित प्रदेश सरकारले सामुदायिक वन समूहलाई थोपारेको करले उपभोक्तामा वनको संरक्षणप्रति दिनप्रतिदिन नैराश्यता बढ्दै जानु, जङ्गली जनावरले उठिबास गराउँदा ग्रामीण क्षेत्रमा कृषिलगायत विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्ने स्थानीय बासिन्दा पछिल्लो समय गाउँ छोड्न बाध्य भएका छन्। सगरमाथा, बुद्धजन्म भूमि र पछिल्लो समय नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको छ। उपभोक्ताको पहलमा संरक्षण, सम्वर्द्धन र विकासमा महत्वपूर्ण भूमिका रहे पनि त्यसबाट स्थानीय र राज्यले कुनै पनि उपलव्धि हासिल गर्न नसक्दा बेल पाकेर कागलाई हर्षन विस्मात जस्तै भएको छ।

वन तथा भू-संरक्षण विभागका अनुसार विसं २०७० वैशाखदेखि २०७९ चैतसम्म १८ हजार सात सय ९१ वटा आगलागी तथा वन डढेलोका घटना घटेका थिए । त्यस अवधिमा आगो नियन्त्रणमा परी सात सय ६९ को ज्यान जानुका साथै दुई हजार पाँच सय ६८ जना घाइते भएका छन्। सो अवधिमा २२ अर्ब २३ करोडभन्दा बढीको क्षति भएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कअनुसार भू-उपग्रहबाट 'रेकर्ड' गरिएको विवरणअनुसार २०८० साल मङ्सिरदेखि चैत १३ गतेसम्म देशभर एक हजार १९६ स्थानमा डढेलो लागेको थियो । डढेलो लागेको जङ्गलमध्ये डिभिजन वन कार्यालयअन्तर्गत रहेका आठ सय आठ र संरक्षित क्षेत्रअन्तर्गतका तीन सय ८८ वटा थियो। संरक्षित क्षेत्रतर्फ सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्ज र सीमावर्ती क्षेत्रमा एक सय १३ र सबैभन्दा कम रारा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको तीन स्थानमा मात्र वनडढेलो लागेको थियो। त्यसैगरी बागमती प्रदेशमा दुई सय ७८ स्थान सबैभन्दा बढी र लुम्बिनी प्रदेशमा सबै भन्दा कम ४१ स्थानमा डढेलो लागेको विभागले जनाएको छ। वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टरभन्दाबढी वन क्षेत्रमा डढेलो लाग्दा वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष क्षति हुने गरेको अनुमान छ। विशेष गरी नेपालमा ८० प्रतिशत भन्दाबढी डढेलो फागुनदेखि वैशाखसम्म लाग्ने गरेको छ । लामो खडेरी, हावाहुरी र अत्यधिक गर्मीका कारण उक्त अवधिमा डढेलोको जोखिम बढ्ने गरेको यस क्षेत्रका विज्ञको भनाइ छ। वनजङ्गलमा डढेलो लगाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ । वन ऐन, २०७६ मा राष्ट्रिय वनमा आगो लगाउने र आगलागी हुने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजार जरिवाना अथवा दुवै सजाय हुनसक्ने व्यवस्था छ । समाजमा आगो लगाउनेको पहिचान गरी सूचना दिनेभन्दा पनि लुकाउने प्रचलन बढी छ। विशेषगरी आगो नियन्त्रणमा भन्दा आगो लग्न नदिन सम्पूर्ण सरोकारवाला सचेत हुनुपर्दछ। वनमा थुप्रिएका पातपतिङ्गर,झाडी, दाउरा, घाँसलगायत वन पैदावारको व्यवस्थापन गर्नु वर्तमानको आवश्यकता हो । वन पैदावारमा आधारित जैविक मल उत्पादन गर्नेखालका उद्यम, फर्निचर, जडीबुटी प्रशोधनलगायत वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न तीनै तहका सरकार र स्थानीय उपभोक्ताले ध्यान दिनु अपरिहार्य छ। पोखरा महानगरपालिका १८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूहले वनको पातपतिङ्गर झाडी सफाइ अधियान सञ्चालन गरेको छ । जसबाट दैनिक २० जनाले रोगजार पाएका छन् भने सङ्कलित वन पैदावारबाट जैविक मल उत्पादन गर्ने तयारीमा समूह जुटेको छ । समूहले कच्चपदार्थको प्रतिकिलो रु दुईका दरले खरिद गर्दै आएको छ । जुन ठाउँ अहिले खोरिया फाँडेको जस्तो देखिन्छ। एकातिर मल उत्पादन हुने अर्कोतर्फ वनमा डढेलो नलाग्नुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्ने यस्ता गतिविधि सबै वन समूहले अनुशरण गर्नुपर्ने आवश्यक छ । जसबाट वनडढेलो घटनुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्दछ । मुलुकको समृद्धिमा टेवा पुग्दछ । आगलागी भइहालेमा 'फायर फाइटिङ' उपकरण तथा दमकललाई चुस्तदुरुस्त राख्नुपर्दछ। स्थानीय वन समूहले पनि डढेलोको मुख्य 'सिजन' तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ । जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर 'हेरालो'को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ। वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ । जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो । वन डढेलोविरुद्ध सचेतीकरणतर्फ विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ।

# सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० चैत

जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ घरापका किसानले बिक्री नहुने साना दाना भएका सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी गरिरहेका छन्।

अन्नपूर्ण चक्रीय पदमार्गको मुस्ताङ-म्याग्दी यात्रा गर्ने पर्यटकलाई ताजा सुन्तलाको जुस बेचेर घरापका दम्पती प्रेम तिलिजा र मैना तिलिजाले यो याममा रु दुई लाख आम्दानी गरेका हुन् । "बगैँचाका ठूला दाना व्यापारीले किनेर लगेपछि बचेका साना दाना सुन्तला अझै बोटमा राखेका छौँ," मैनाले भन्नुभयो, "जुस खानका लागि दैनिक ५० जनासम्म पर्यटक यहाँ आउनुहुन्छ ।" बेमौसममा सुन्तलाको जुस सानो गिलासको रु दुई सय ५० र ठूलो गिलासको तीन सय ५० का दरले बिक्री हुने गरेको उहाँको भनाइ छ। आफ्नै बगैँचाको एक सय बोट र छिमेकीको बोटमा बाँकी रहेका सुन्तलालाई टिपेर बोक्रा छोडाइ उपकरणको सहायताले रस निकालेर बिक्री गर्दै आएको मैनाले बताउनुभयो । "उपकरणले गेडा र छोक्रालाई एकातर्फ फाल्छ भने रसलाई भाडामा खसाल्छ", उहाँले भन्नुभयो । मुस्ताङको घाँसाबाट पदयात्रा गरेर म्याग्दीको तातोपानी आउने क्रममा बेमैसमको सुन्तलाको ताजा र स्वादिलो जुस उपभोग गर्न घरापमा विश्राम गरेको काठमाडौँका जनार्दनदेव पन्तले बताउनुभयो । जुस बनाउन थालेपछि साना दाना भएका कारण बिक्री नभएका सुन्तला खपत भएको प्रेमले बताउनुभयो। खेर जाने सुन्तलाबाट जुस बनाएर अतिरिक्त आम्दानी भएको भन्दै अन्य क्षेत्रमा सुन्तला सकिए पनि यहाँका बगैँचामा साना दानाका चैत महिनासम्म रहने उहाँले जानकारी दिनुभयो।

ठूला दाना माघमा टिप्ने घरापका किसानले साना दानालाई जुस बनाउन चैतसम्म राख्ने गरेका छन्। सुन्तला भण्डारण गर्ने चिस्यान गृह र प्रशोधन गरेर जुस बनाउने उपकरण तथा सीपमूलक तालिम आवश्यक परेको यहाँका किसान बताउँछन् । घरापमा २० परिवारको बसोबास छ । अधिकांशले सुन्तलाखेती गरेका छन् । रोजगारीका लागि मलेसियामा दुई वर्ष बिताएर फर्किएका ४९ वर्षीय प्रेम र उहाँकी श्रीमती मैनाले घरापमा रेष्टुरेष्ट र होटल पनि सञ्चालन गर्नुभएको छ।

अन्नपूर्ण आधार शिविर, मुस्ताङ जाने-आउने र नारच्याङ घुम्न आउने पर्यटकलाई लक्षित गरेर सञ्चालित होटलमा दैनिक ३० जनासम्म बास बस्न सक्ने क्षमता रहेको प्रेमले जानकारी दिनुभयो । तिलिजा दम्पतीले सञ्चालन गरेको न्यु कालीगण्डकी रेष्टुरेन्ट एण्ड लजमा शान्त र एकान्त वातावरणमा रमाउन पाइनुका साथै लोकल कुखुरा, हाँस र बङ्गुरको मासु, साग, सुन्तलाको जुस, कोदोको ढिँडोलगायत परिकार पाइन्छन् । उहाँका अनुसार होटलमा दुई जनाले रोजगारी पनि पाएका छन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०३ कन्या मार्ग अधुरो ढल निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कन्यामार्ग अधुरो ढल निर्माण
ठेगानाः पोखरा-३
योजना शुरु हुने मितिः २०८१/०९/१२ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/१२ गते
योजनाको कुल लागतः रु.१०,९२,९४३.८८
महानगरपालिकाबाटः रु.९,००,०००।-
जनसहभागिताबाटः रु.१,९२,९४३.८८
अध्यक्षः महाविर थापा सम्पर्क नं.: ९८४६१४३७४९
निर्माण समिति सदस्य संख्याः ९
महिला सदस्य संख्याः ५

**कन्यामार्ग अधुरो ढल निर्माण उपभोक्ता समिति**
**पोखरा-03**



## डिभिजन वन कार्यालय कास्कीको

### काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१२/११

श्री पोखरा महानगरपालिका वडा नं. १६ स्थित तुलसीघाट मार्गमा रहेको जोखिमयुक्त आँपको रुख नियमानुसार कटान, मुछान गरी उत्पादन भएको गोलिया थान ७ को ६७.३० घ. फि. काठ र श्री महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१/०९/२२ को निर्णय नं.१३२ अनुसार लिलाम बिक्री गर्न निर्णय भएका लप्सी र टुनीको जम्मा गोलिया थान २२ को २४४.१८ क्यू.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका प्रचलित कानून बमोजिम काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ।

डिभिजनल वन अधिकृत



**त्रिभुवन विश्वविद्यालय**
## वन विज्ञान अध्ययन संस्थान
## पोखरा क्याम्पस
**पोखरा, नेपाल**

### सेवा करारमा सुरक्षाकर्मी र कार्यालय सहयोगी सरहका पदको पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।

यस क्याम्पसका लागि संस्थागत सेवा करारमा ६ जना सुरक्षाकर्मी (गार्ड) र ३ जना कार्यालय सहयोगी सरहका कार्यालय (पियन/चौकीदार/महिला छात्रावास सरसफाई आदि) आवश्यक स्थानमा कामकाज गर्ने गरी ९ (नौं) जना जनशक्तिको पदपूर्ति गर्नुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, राष्ट्रिय रुपमा गुणस्तरिय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक नेपाल सरकारबाट आधिकारिक ईजाजत पत्रप्राप्त, सामाजिक सुरक्षा कोषमा आवद्ध फर्म, कम्पनी वा संस्थाहरुवाट मिति २०८१।१२।२४ गतेभित्र रीतपूर्वक शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख